श्रीमान् अध्यक्षज्यू

कुईभीर सेवा समाज (ओखलढुङ्गा, काठमाण्डौ,)

विषय:- बिधान संसोधनको मस्यौदा पेश गरेको वारे ।

यस संस्थाको कार्यसमितिको निर्णयवाट संस्थको बिधान संसोधनका लागि उप समिति गठन गरी हामिलाई जिम्मेवारी प्रदान गरीएकोमा बिभिन्न मितिमा पटक पटक उपसमितिको बैठक वसी देहाय वमोजिम कुईभीर सेवा समाजको बिधान संसोधनकालागि मस्यौदा प्रतिवेदन पेश गरेका छौ ।

तपशिल

(संशोधित बिधान मस्यौदा)

| क्रम. संख्या | बिधानको दफा /उपदफा | बिधानमा भएको प्रावधान | बिधानमा संसोधन गर्नुपर्ने बुदा | संशोधन पछि कायम हुनुपर्ने प्रावधान |
|---|---|---|---|---|
| १ | १. ख | १. (ख) संस्थाको कार्यालय रहने ठेगाना :-यस संस्थाको कार्यालय काठमाण्डौ जिल्ला काठमाडौ महानगरपालिका वार्ड नं. ३४ मा रहने छ । | दफा १ (ख) को सट्टामा देहायको दफा १ (ख) कायम गरिएको छ । | दफा १. (ख) संस्थाको कार्यालय रहने ठेगाना :- यस संस्थाको कार्यालय काठमाण्डौ जिल्ला भित्र रहने छ । आवश्यकता अनुसार स्थानीय अधिकारीको स्वीकृति लिएर नेपालको बिभिन्न स्थानमा शाखा कार्यालयहरु खोल्न सकीने छ ।नेपालभर कार्यक्षेत्र रहने छ । |
| २ | १.ग | दफा १ को (ग) कार्यक्षेत्र :- यस संस्थाको कार्यक्षेत्र काठमाण्डौ जिल्ला भरी रहने छ । स्थानिय अधिकारीको स्वीकृति लिएर आवश्यकता अनुसार नेपाल अधिराज्य भित्र शाखा कार्यालय बिस्तार गरीने छ । | १.(ग)<br>खारेज गरीएको छ । | १.(ग)<br>खारेज गरीएको छ । |
| ३ | १.ङ | दफा १ (ङ.) संस्थाको अस्तित्व :- यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, मुनाफारहित, गैर राजनितिक तथा बिशुद्ध सामाजिक जनहितकारी संस्था हुने छ । संस्थावाट आफ्नौ उद्देश्य वाहेक आय आर्जन गर्न तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरीने छ । | दफा १ (ङ) को सट्टामा देहायको दफा १ (ङ) कायम गरिएको छ । | दफा १ (ङ) संस्थाको अस्तित्व :- यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, मुनाफारहित, गैर राजनितिक तथा बिशुद्ध सामाजिक जनहितकारी संस्था हुने छ । यसले व्यक्ति सरह नालिस उजुर गर्न सक्ने र यस उपर पनि नालिस उजुर लाग्न सक्ने छ । संस्थाको लागि चल अचल सम्पतिहरु खरिद गर्न र साधारण सभाको स्वीकृतिले बिक्री बितरण गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | | | सक्ने छ । अचल सम्पतिको हकमा साधारणसभाको सम्पूर्ण सदस्यको दुईतिहाई वहुमतले स्वीकृती दिएमा बिक्री गर्न सकिने छ । |
| ४ | २ ड | दफा २ (ड) "पदाधिकारी" भन्नाले संस्थाको पदाधिकारीलाई सम्फनु पर्छ । | दफा २ (ड)को सट्टामा देहायको दफा २ (ड) कायम गरिएको छ । | दफा २ (ड) पदाधिकारी भन्नाले संस्थाको दफा १३ बमोजिम अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव र कोषाध्यक्षलाई बुझाउछ । |
| ५ | २.(फ) | २. (फ) "स्थानीय निकाय" भन्नाले गा. बि. स., महानगरपालिका, नगरपालीका, उप-महानगरपालिका, जिल्ला बिकास समितिलाई जनाउने छ । | २. को (फ) को सट्टामा देहायको दफा २ (फ) कायम गरिएको छ । | २. को (फ) "स्थानीय तह" भन्नाले महानगरपालिका, उप-महानगरपनलिका, नगरपालिका, गाउँपालिका, र जिल्ला समन्वय समिति सम्फनु पर्छ । |
| ६ | २ को ञ | दफा २ (फ) पछि दफा २ (ञ) थप गरीएको छ । | २. को (ञ) संरक्षक भन्नाले : संस्थाको हितमा बिशेष योगदान पुऱ्याउने संस्थाको सदस्यलाई कार्यसमितिले मनोनयन गरेको र त्यसपछि बसेको साधारणसभा को वहुमतले अनुमोदन गरिएको प्रतिष्ठित व्यक्तिलाई संरक्षक तोक्न सकिने छ । साथै सदस्य भन्नाले दफा ६ को (क) (ख) (ग) (घ) का सदस्यलाई जनाउछ । | २. को (ञ) संरक्षक भन्नाले : संस्थाको हितमा बिशेष योगदान पुऱ्याउने संस्थाको सदस्यलाई कार्यसमितिले मनोनयन गरेको र त्यसपछि बसेको साधारणसभाको वहुमतले अनुमोदन गरिएको प्रतिष्ठित व्यक्तिलाई संरक्षक तोक्न सकिने छ । साथै सदस्य भन्नाले दफा ६ को (क) (ख) (ग) (घ) का सदस्यलाई जनाउछ । |
| ७ | २ को ट | दफा २ (ञ) पछि दफा २ (ट) थप गरीएको छ । | दफा २ (ट) यस बिधानको ठाँउ ठाँउमा रहेको कुईभीर गा.बि.स.को सट्टामा चिसंखुगढि गाँउपालिका वडा नं.१ कुईभीर भन्ने र ठाउँ ठाउँमा भएको श्री५को सरकारको सट्टामा नेपाल सरकार भन्ने वुझ्नु पर्छ । | दफा २ (ट) यस बिधानको ठाँउ ठाँउमा रहेको कुईभीर गा.बि.स.को सट्टामा चिसंखुगढि गाँउपालिका वडा नं.१ कुईभीर भन्ने र ठाउँ ठाउँमा भएको श्री५को सरकारको सट्टामा नेपाल सरकार भन्ने वुझ्नु पर्छ । |
| ८ | ६ को घ | दफा ६ (घ) बिशिष्ट सदस्य : संस्थाको बिकासकोलागि बिशेष सहयोग पुऱ्याउने व्यक्तिलाई तोकिएको प्रक्रिया बमोजिम बिशिष्ट सदस्यता प्रदान गरिने छ । बिशिष्ट सदस्य शुल्क रु.५०००।- हुनेछ । | दफा ६ (घ)मा शुल्क रु ५,०००।- को सट्टामा रु १०,०००।- (दस हजार) कायम गरिएको छ । | दफा ६ (घ) बिशिष्ट सदस्य : संस्थाको बिकासकोलागि बिशेष सहयोग पुऱ्याउने व्यक्तिलाई तोकिएको प्रक्रिया बमोजिम बिशिष्ट सदस्यता प्रदान गरिने छ । बिशिष्ट सदस्य शुल्क रु ५,०००।- को सट्टामा रु १०,०००।- (दस हजार) कायम गरिएको छ । |
| ९ | ९ को १ | दफा ९ (१) मा थप :- देहायको अवस्यामा कुनै व्यक्ति संस्थामा वहाल रहने छैन । | दफा ९ (१) मा थप :- "संस्थाको" भन्ने शब्द पछी "सदस्यमा" भन्ने शब्द कायम गरीएको छ । | दफा ९ (१) देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा वहाल रहने छैन । |

| | | | | |
|---|---|---|---|---|
| १० | १० को ३ | दफा १० (३) आजीवन सदस्य : आजीवन सदस्यता प्रदान गर्न प्रवेश शुल्क रु. २०० /र सदस्यता शुल्क १०००/- एकमुष्ठ बुफाई तोकिएको प्रक्रिया अर्न्तगत आवेदन दिने व्यक्तिलाई कार्यसमितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्ने छ । | दफा १० को (३) आजीवन सदस्य : मा रहेको १०००/को सट्टामा १५००/-कायम गरिएको छ । | दफा १० (३) आजीवन सदस्य : आजीवन सदस्यता प्रदान गर्न प्रवेश शुल्क रु. २०० /र सदस्यता शुल्क १५००/- एकमुष्ठ बुफाई तोकिएको प्रक्रिया अर्न्तगत आवेदन दिने व्यक्तिलाई कार्यसमितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्ने छ । |
| ११ | १०को ४ | दफा १० (४) बिशिष्ट सदस्य : संस्थाको बिकासको लागि बिशेष योगदान पुऱ्याउने व्यक्तिलाई रु.५०००।- बुफाई तोकिएको प्रक्रिया पुरा गरि आवेदन गरेमा कार्य समितिको निर्णयले बिशिष्ट सदस्यता प्रदान गरिने छ । | दफा १० (४) विशिष्ट सदस्य :- मा रु ५,०००।- को सट्टामा रु १०,०००।- (दस हजार) कायम गरिएको छ । | दफा १० (४) बिशिष्ट सदस्य : संस्थाको बिकासको लागि बिशेष योगदान पुऱ्याउने व्यक्तिले रु. १०,०००।- (दस हजार) बुफाई तोकिएको प्रक्रिया पुरा गरि आवेदन गरेमा कार्य समितिको निर्णयले बिशिष्ट सदस्यता प्रदान गरिने छ । |
| १२ | १२ को ङ | दफा १२ को (ङ) मा संशोधन<br>संस्थाको कार्यसमितिको पदाधिकारीको पदावधि पुगेको अवस्थामा कार्यसमितिका पदाधिकारीको बिधान बमोजिमको प्रक्रिया अर्न्तगत रही निर्वाचन गर्ने । | दफा १२ (ङ) को सट्टामा देहायको १२ (ङ)कायम "कार्यसमितिको निर्वाचन प्रयोजनकोलागी बन्द सत्रमा सभा सञ्चालन गर्न साधारण सभाले अध्यक्ष मण्डल गठन गर्ने छ । सो अध्यक्ष मण्डलले साधारण सभाको बैठक संञ्चालन गर्ने छ । | दफा १२ को (ङ)संस्थाको कार्यसमितिको पदावधि पुगेको अवस्थामा कार्यसमितिका पदाधिकारी तथा सदस्यको बिधान बमोजिमको प्रक्रीया अर्न्तगत रही निर्वाचन गर्ने । कार्यसमितिको निर्वाचन प्रयोजनकोलागी बन्द सत्रमा सभा सञ्चालन गर्न साधारण सभाले अध्यक्ष मण्डल गठन गर्ने छ । सो अध्यक्ष मण्डलले साधारण सभाको बैठक संञ्चालन गर्ने छ । |
| १३ | १२ को च | दफा १२ (च) कार्यसमितिद्वारा पेश भएका बिधान संशोधन, नियम तथा बिनियम स्वीकृत गर्ने । | दफा १२ (च) मा थप अन्तिम शब्द "स्वीकृत गर्ने" भन्दा अगाडि "माथि आवश्यक जाँच र छलफल गरी परिमार्जन गर्नु परे सो गरी" भन्ने वाक्यांस थप गर्ने । | दफा १२ (च) कार्यसमितिद्वारा पेश भएका बिधान संशोधन, नियम तथा बिनियम माथि आवश्यक जाँच र छलफल गरी परिमार्जन गर्नु परे सो गरी स्वीकृत गर्ने । |
| १४ | १२ को ञ | दफा १२ को (फ) पछि (ञ) थप | दफा १२ (ञ) यस बिधान वमोजिमका अन्य कार्यहरु तथा प्रचलित कानुन वमोजिम सम्पादन गर्न मिल्ने अन्य कार्यहरु साधारण सभाले गर्ने । | दफा १२ (ञ) यस बिधान वमोजिमा अन्य कार्यहरु तथा प्रचलित कानुन वमोजिम सम्पादन गर्न मिल्ने अन्य कार्यहरु साधारण सभाले गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| १५ | १३ को १ | दफा १३ (१) साधारणसभाका सदस्यहरुमध्ये बाट निर्वाचित देहाय बमोजिमको पदाधिकारीहरु रहने ११ - एघार) सदस्यीय देहाय बमोजिम एक कार्यसमिति गठन गरिने छ ।<br>अध्यक्ष ...............................१<br>उपाध्यक्ष ...............................१<br>सचिव ...............................१<br>कोषाध्यक्ष ...............................१<br>सदस्यहरु...............................७ | दफा १३ (१) संसोधन पहिलो हरफको निर्वाचित शब्द पछिको "देहाय बमोजिको पदाधिकारीहरु रहने ११ एघार) सदस्यीय " भन्ने शब्द खारेज गरिएको छ । | दफा १३ (१) साधारणसभाका सदस्यहरुमध्येबाट निर्वाचित देहाय बमोजिमको कार्यसमिति गठन गरिने छ ।<br>अध्यक्ष ...............................१<br>उपाध्यक्ष ...............................१<br>सचिव ...............................१<br>सह-सचिव...............................१<br>कोषाध्यक्ष ...............................१<br>सदस्यहरु...............................६ |
| १६ | १३ को ( १०) | दफा १३ (१०) मा संशोधन: संस्थाको बिकासमा पर्याप्त योगदान पुर्‍याउन सक्ने बढिमा ५ (पाँच) जना वौद्धिक व्यक्तित्वहरुलाई कार्यसमितिको निर्णयले सल्लाहाकारमा नियूक्त गरिने छ । जसले आवश्यकता अनुसार कार्यसमितिलाई उचित सल्लाह र सुझाव प्रदान गर्ने छ । | दफा १३ (१०) पहिलो हरफको सक्ने भन्ने शब्द पछिका बढिमा ५ जना भन्ने शब्द खारेज गरी सोको सट्टामा सदस्य मध्यबाट आवस्यकता अनुसार भन्ने शब्दहरु थप गर्ने । | दफा १३ (१०) संस्थाको बिकासमा पर्याप्त योगदान पुर्‍याउन सक्ने सदस्य मध्यबाट वौद्धिक व्यक्तित्वहरुलाई कार्यसमितिको निर्णयले सल्लाहाकारमा नियूक्त गरिने छ । जसले आवश्यकता अनुसार कार्यसमितिलाई उचित सल्लाह र सुझाव प्रदान गर्ने छ । |
| १७ | १७ को ३ (१) | दफा १७ को ३ पछि (३) १ थप | दफा १७ को (३) १ सह-सचिवको काम कर्तव्य अधिकार : सचिवको अनुपस्थितिमा सचिवको काम सम्पादन गर्ने र कार्यसमिति तथा सचिवले तोकिदिएको संस्थागत कार्य सम्पादन गर्ने । | दफा १७ को (३) १ सह-सचिवको काम कर्तव्य अधिकार :- सचिवको अनुपस्थितिमा सचिवको काम सम्पादन गर्ने र कार्यसमिति तथा सचिवले तोकिदिएको संस्थागत कार्य सम्पादन गर्ने । |
| १८ | १८ को १ | दफा १८ (१) मा संशोधन : कुल संख्याको ६० प्रतिशत साधारण सदस्यको उपस्थिती नभै साधारण सभाको छैन । | दफा १८ (१) को "६० प्रतिशतका" सट्टा "५१ प्रतिशत" र साधारण सभाको भन्ने शब्द पछी "बैठक" कायमा गरिएको छ । | दफा १८ (१) कुल सदस्य संख्याको ५१ प्रतिशत साधारण सदस्यको उपस्थिती नभै साधारण सभाको बैठक बस्ने छैन । |
| १९ | १८ को २ | दफा १८ (२) थप : तर विधानको दफा ११ को (५) मा उल्लेख भए बमोजिम पुन बोलाइएको साधारणसभामा कुल सदस्य संख्याको ५१ प्रतिशत उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन । | दफा १८ (२) मा संसोधन संख्याको भन्ने शब्द पछाडिको ५१ प्रतिशतको सट्टमा ४० प्रतिशत कायम गरिएको । | दफा १८ (२) तर विधानको दफा ११ को (५) मा उल्लेख भए बमोजिम पुन बोलाइएको साधारणसभामा कुल सदस्य संख्याको ४० प्रतिशत उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन । |
| २० | २४ च | २४ (च) थप: | २४ (च) संस्थाको सदस्य हुनुपर्ने । | २४ (च) संस्थाको सदस्य हुनुपर्ने । |
| २१ | २५ को १ क | दफा २५ को १ पछि १ (क) थप गरिएको । | दफा २५ को १ (क) : अध्यक्ष बिरुद्धको अबिश्वासको प्रस्ताब भए उपाध्यक्षलाई र उपाध्यक्ष लगायतका | दफा २५ को १ (क) : अध्यक्ष बिरुद्धको अबिश्वासको प्रस्ताब भए उपाध्यक्षलाई र उपाध्यक्ष लगायतका |

| | | | | |
|---|---|---|---|---|
| | | | अन्य पदाधिकारी वा सदस्य बिरुद्धको प्रस्ताव भए अध्यक्षलाई तथा अध्यक्ष उपाध्यक्ष, समेत विरुद्धको प्रस्ताव भए बिधानको दफा १७ को क्रम अनुसारको पदाधिकारी तथा कार्यसमितिको क्रमस जेष्ठ सदस्यलाई सो प्रस्ताव बुझाई निस्सा लिने र छलफल हुने बिशेष साधारण सभाको लागि उक्त क्रम अनुसार अध्यक्षता गरि सभा सञ्चालन गर्नु पर्ने छ । | अन्य पदाधिकारी वा सदस्य बिरुद्धको प्रस्ताव भए अध्यक्षलाई तथा अध्यक्ष उपाध्यक्ष, समेत विरुद्धको प्रस्ताव भए बिधानको दफा १७ को क्रम अनुसारको पदाधिकारी तथा कार्यसमितिको क्रमस जेष्ठ सदस्यलाई सो प्रस्ताव बुझाई निस्सा लिने र छलफल हुने बिशेष साधारण सभाको लागि उक्त क्रम अनुसार अध्यक्षता गरि सभा सञ्चालन गर्नु पर्ने छ । |

प्रतिवेदन पेश गर्ने

संयोजक :श्री डिल्ली बहादुर राई

सदस्य सचिव :श्री तेज प्रसाद निरौला

संदस्य :श्री पृथ्वीराज निरौला

सदस्य :श्री ढक बहादुर अधिकारी

सदस्य :श्री बन्दी राई

मिति :- २०७५/०४/१९ रोज ७ शुभम